**सूर्योदय नगरपालिकाको सुपथ मूल्यका सहकारी पसल सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०**

कार्यपालिकाबाट स्वीकृत मिति- २०८०/०६/३० गते

**प्रस्तावना:** सूर्योदय सूर्योदय नगरपालिकाको सुपथ मूल्यका सहकारी पसल सञ्चालन कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **सूर्योदय नगरपालिकाको सुपथ मूल्यका सहकारी पसल सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०** हुनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "मूल कार्यविधि" भन्नाले "सूर्योदय नगरपालिकाको सुपथ मूल्यका सहकारी पसल सञ्चालन कार्यविधि, २०७६ "लाई जनाउनेछ ।

**३. मूल कार्यविधिको दफा ३ को खण्ड (क) पछि देहाय बमोजिमको खण्ड (क१) थप गरिएको छ ।**

(क१) अनुदान रकम उपलब्ध गराएका सहकारी संस्थाले अनुदान रकमको कम्तीमा २० (बीस) प्रतिशत रकम जम्मा गरी बाँकी रकम फिर्ता गर्ने समयावधि थप गर्नको लागि निवेदन दिएमा नगर कार्यपालिकाले निर्णय गरी एक पटकको लागि बढीमा एक वर्षसम्म समयावधि थप गर्न सक्नेछ ।